## जोरायल गाउँपालिकाको आ.व. २०८२/०८३ को तेस्रो त्रैमासिक समीक्षा कार्यक्रम
## कार्यसम्पन्न प्रतिवेदन

**पृष्ठभूमि:**

नेपालको संविधान, २०७२ बमोजिम गठन भएका स्थानीय तहमध्ये डोटी जिल्लाका साविक घण्टेश्वर, छतिवन, लक्ष्मीनगर, सरस्वतीनगर, गड्सेरा तथा निरौली गाउँ विकास समितिहरू समेटी जोरायल गाउँपालिका स्थापना भएको हो। यस गाउँपालिकामा हाल ६ वटा वडा रहेका छन्। गाउँपालिकाको पूर्वमा बडीकेदार गाउँपालिका (डोटी), पश्चिममा आलिताल गाउँपालिका (डडेल्धुरा), उत्तरमा शिखर नगरपालिका (डोटी) तथा दक्षिणमा चुरे गाउँपालिका (कैलाली) रहेका छन्। गाउँपालिकाको केन्द्र साविक सरस्वतीनगर गाविस क्षेत्रमा अवस्थित रहेको छ।

राष्ट्रिय जनगणना, २०७८ अनुसार यस गाउँपालिकाको कुल जनसंख्या १९,७८८ रहेको छ, जसमध्ये ९,७१८ पुरुष तथा १०,०७० महिला रहेका छन्। गाउँपालिकाको केन्द्र काठमाडौँबाट करिब ७८८ कि.मि. तथा प्रदेश राजधानी धनगढीबाट १३० कि.मि. दूरीमा रहेको छ। यस गाउँपालिकाको कुल क्षेत्रफल ४१९.०९ वर्ग कि.मि. रहेको छ।

वर्तमान गाउँसभामा १ जना अध्यक्ष, १ जना उपाध्यक्ष, ६ जना वडा अध्यक्ष तथा २६ जना वडा सदस्य गरी कुल ३४ जना जनप्रतिनिधि निर्वाचित भएका थिए। हाल १ जना वडा सदस्यको मृत्यु तथा १ जना वडा सदस्य जिल्ला समन्वय समितिमा निर्वाचित भई जानुभएको कारण गाउँसभामा ३२ जना सदस्य कायम रहेका छन्।

**कार्यक्रमको संक्षिप्त परिचय:**

स्थानीय तहको विकास प्रक्रियालाई प्रभावकारी, सहभागितामूलक, पारदर्शी तथा परिणाममुखी बनाउन स्वीकृत नीति, कार्यक्रम, बजेट तथा योजनाहरूको कार्यान्वयन अवस्थाको नियमित समीक्षा आवश्यक हुन्छ। विकास निर्माणप्रति नागरिकको स्वामित्व अभिवृद्धि गर्ने, सेवा प्रवाहलाई प्रभावकारी बनाउने, दिगो तथा वातावरणमैत्री विकासलाई प्रोत्साहन गर्ने, सामाजिक समानता कायम गर्ने तथा स्थानीय स्रोत-साधनको अधिकतम उपयोग सुनिश्चित गर्ने उद्देश्यले गाउँपालिकाले वार्षिक रूपमा विभिन्न योजना तथा कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

आर्थिक वर्ष २०८२/०८३ मा गाउँसभाबाट स्वीकृत भएका विभिन्न आयोजना, कार्यक्रम तथा क्रियाकलापहरूको कार्यान्वयनबाट तेस्रो त्रैमासिक अवधिसम्म प्राप्त उपलब्धि, भौतिक तथा वित्तीय प्रगति, देखिएका समस्या तथा चुनौती, सुधार गर्नुपर्ने पक्षहरू तथा आगामी दिनमा अवलम्बन गर्नुपर्ने रणनीतिहरूको समीक्षा गर्ने उद्देश्यले तेस्रो त्रैमासिक समीक्षा कार्यक्रम आयोजना गरिएको हो।

यस कार्यक्रममार्फत गाउँपालिकाका जनप्रतिनिधि, शाखा प्रमुख, कर्मचारी तथा सम्बन्धित सरोकारवालाहरूबीच अन्तर्क्रिया, छलफल तथा अनुभव आदान-प्रदान गरी कार्यसम्पादनलाई थप प्रभावकारी, पारदर्शी, उत्तरदायी तथा परिणाममुखी बनाउने प्रयास गरिएको छ।

**कार्यक्रमको उद्देश्य:**

यस त्रैमासिक समीक्षा कार्यक्रमका मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :

जोरायल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रवतकट्टे, डोटी सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

- जोरायल गाउँपालिकाका विभिन्न शाखा तथा वडा कार्यालयमार्फत आर्थिक वर्ष २०८२/०८३ को तेस्रो त्रैमासिक अवधिसम्म सम्पादन भएका विभिन्न आयोजना, कार्यक्रम, क्रियाकलाप तथा सेवा प्रवाहको प्रगति प्रस्तुत तथा समीक्षा गर्नु।
- स्वीकृत नीति, कार्यक्रम तथा बजेटको कार्यान्वयन अवस्थाको समीक्षा गर्नु।
- आयोजना, कार्यक्रम तथा क्रियाकलापहरूको कार्यान्वयनबाट प्राप्त उपलब्धिहरूका विषयमा अन्तर्क्रिया तथा छलफल गर्नु।
- आयोजना तथा कार्यक्रमहरूको भौतिक तथा वित्तीय प्रगतिको अवस्था विश्लेषण गर्नु।
- पहिलो तथा दोस्रो त्रैमासिक समीक्षाबाट पहिचान भएका समस्या तथा चुनौतीहरूको समाधानमा भएको प्रगतिको समीक्षा गर्नु।
- आयोजना, कार्यक्रम तथा क्रियाकलापहरूको कार्यान्वयनका क्रममा देखिएका समस्या तथा चुनौतीहरूको पहिचान गर्नु।
- चालु आर्थिक वर्षको बाँकी अवधिमा कार्यक्रम तथा आयोजना समयमै सम्पन्न गर्न आवश्यक कार्यदिशा तय गर्नु।
- सेवा प्रवाह तथा कार्यसम्पादनलाई थप प्रभावकारी, पारदर्शी, उत्तरदायी तथा नागरिकमैत्री बनाउने उपाय पहिचान गर्नु।
- शाखा तथा वडा कार्यालयबीचको समन्वय, सहकार्य तथा उत्तरदायित्व अभिवृद्धि गर्नु।

**क्रियाकलापः**

कार्यक्रम सफलतापूर्वक सञ्चालन गर्न निम्न क्रियाकलापहरू सम्पन्न गरिएका थिएः

- सहभागीहरूलाई समीक्षा कार्यक्रममा उपस्थितिका लागि सूचना तथा जानकारी प्रदान गरिएको।
- गाउँपालिकाका विभिन्न शाखा तथा वडा कार्यालयबाट तेस्रो त्रैमासिक अवधिसम्मको प्रगति विवरण संकलन गरिएको।
- कार्यक्रम सञ्चालनका लागि आवश्यक स्टेशनरी तथा व्यवस्थापन सामग्रीहरूको व्यवस्था गरिएको।
- सम्बन्धित शाखा तथा वडा कार्यालयबाट प्रगति विवरणको प्रस्तुतीकरण गरिएको।
- प्रस्तुत प्रगति विवरणमाथि जनप्रतिनिधि तथा कर्मचारीहरूबीच अन्तर्क्रिया तथा छलफल गरिएको।
- आयोजना तथा कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका समस्या तथा चुनौतीहरूको पहिचान गरिएको।
- पहिचान भएका समस्या समाधानका उपाय तथा आगामी कार्यदिशाका विषयमा छलफल गरिएको।
- बाँकी रहेका कार्यक्रम तथा आयोजनाहरू समयमै सम्पन्न गर्न आवश्यक समन्वय तथा कार्ययोजनाबारे छलफल गरिएको।
- कार्यक्रममा सहभागी पदाधिकारी तथा कर्मचारीहरूका लागि खाजा, खाना तथा बासको व्यवस्था गरिएको।
- प्रस्तुतीकरण, छलफल तथा समन्वयसम्बन्धी आवश्यक व्यवस्थापन कार्यहरू सम्पन्न गरिएको।
- कार्यक्रम व्यवस्थापनसँग सम्बन्धित अन्य आवश्यक प्रशासनिक तथा प्राविधिक कार्यहरू सम्पन्न गरिएको।

जोरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रावतकोट, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

- **कार्यक्रम संचालन भएको मिति, स्थान र समयः**
  - मितिः २०८३/०१/२९ गते
  - समयः विहान ११:०० बजेदेखी बेलुका ५:०० बजेसम्म
  - स्थानः जोरायल गाउँपालिकाको सभाहल, रावतकट्टे, डोटी
- **कार्यक्रममा सहभागीहरुः**
  - जनप्रतिनिधिः गाउँपालिका अध्यक्ष, गाउँपालिका उपाध्यक्ष, वडा अध्यक्ष, कार्यपालिका सदस्य, वडा सदस्य।
  - कर्मचारीः प्रमुख प्रशासकीय अधिकृत, विषयगत शाखा प्रमुख/प्रतिनिधि, अन्य शाखा प्रमुख/प्रतिनिधि, वडा सचिव, अन्य कर्मचारीहरु।
- **कार्यक्रममा उपस्थित सहभागीको संख्याः**
  - ४२ जना
- **कार्यक्रमको उपलब्धीहरुः**
  - गाउँपालिका तथा मातहतका विभिन्न शाखा एवं वडा कार्यालयहरूले तेस्रो त्रैमासिक अवधिसम्म सम्पादन गरेका आयोजना, कार्यक्रम, क्रियाकलाप तथा सेवा प्रवाहको प्रगति प्रस्तुतीकरण तथा समीक्षा गरिएको।
  - स्वीकृत नीति, कार्यक्रम तथा बजेटको कार्यान्वयन अवस्थाबारे समग्र जानकारी प्राप्त भएको।
  - आयोजना तथा कार्यक्रम कार्यान्वयनबाट प्राप्त उपलब्धिहरूमाथि विस्तृत अन्तर्क्रिया तथा छलफल गरिएको।
  - आयोजना तथा कार्यक्रमको भौतिक तथा वित्तीय प्रगतिको अवस्थाबारे समीक्षा गरिएको।
  - पहिलो तथा दोस्रो त्रैमासिक अवधिमा पहिचान भएका समस्या तथा चुनौतीहरूको समाधानमा भएको प्रगतिको समीक्षा गरिएको।
  - कार्यक्रम कार्यान्वयनका क्रममा देखा परेका समस्या तथा चुनौतीहरूको पहिचान गरिएको।
  - चालु आर्थिक वर्षको बाँकी अवधिमा सम्पन्न गर्नुपर्ने कार्यक्रम तथा आयोजनाहरूको प्राथमिकता पहिचान गरिएको।
  - आगामी दिनमा कार्यक्रम कार्यान्वयनलाई थप प्रभावकारी बनाउन आवश्यक सुझाव तथा रणनीतिहरू तय गरिएको।
  - शाखागत तथा वडागत समन्वय र उत्तरदायित्व अभिवृद्धिमा सकारात्मक प्रभाव परेको।
  - सेवा प्रवाहलाई थप गुणस्तरीय, पारदर्शी, सहज तथा नागरिकमैत्री बनाउने प्रतिबद्धता व्यक्त गरिएको।
  - वार्षिक लक्ष्य हासिल गर्न बाँकी अवधिमा कार्यक्रम कार्यान्वयनमा थप तीव्रता दिने विषयमा साझा प्रतिबद्धता कायम भएको।
- **समीक्षा कार्यक्रममा देखिएका समस्या तथा चुनौतीहरू**

  कार्यक्रममा भएको छलफल तथा अन्तरक्रियाका क्रममा देहायका समस्या तथा चुनौतीहरू पहिचान भएका छन् :
  - केही आयोजना तथा कार्यक्रम अपेक्षित समयभित्र सम्पन्न गर्न कठिनाइ देखिएको।
  - कतिपय कार्यक्रमको भौतिक तथा वित्तीय प्रगति अपेक्षाअनुसार हुन नसकेको।
  - भौगोलिक विकटता तथा मौसमजन्य कारणले पूर्वाधार निर्माणका कार्यमा कठिनाइ देखिएको।
  - आवश्यक प्राविधिक जनशक्ति तथा स्रोत–साधनको सीमितता।

जोरायल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रावतकट्टे, डोटी सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

- योजना तथा कार्यक्रम कार्यान्वयनका क्रममा विभिन्न प्रक्रियागत तथा व्यवस्थापकीय समस्या देखिएको।
- शाखा तथा वडा कार्यालयबीच कतिपय विषयमा थप प्रभावकारी समन्वय आवश्यक देखिएको।
- चालु आर्थिक वर्षको बाँकी अवधिमा धेरै कार्यक्रम सम्पन्न गर्नुपर्ने भएकाले समय व्यवस्थापनमा थप ध्यान दिनुपर्ने देखिएको।

## आगामी कार्यदिशा

समीक्षा कार्यक्रमबाट प्राप्त निष्कर्षका आधारमा आगामी अवधिमा देहायका कार्यहरूलाई प्राथमिकताका साथ अगाडि बढाउने विषयमा जोड दिइएको छ :

- बाँकी रहेका आयोजना तथा कार्यक्रमहरूलाई प्राथमिकताका आधारमा समयमै सम्पन्न गर्ने।
- न्यून प्रगति भएका कार्यक्रमको कारण पहिचान गरी तत्काल सुधारात्मक कदम चाल्ने।
- भौतिक तथा वित्तीय प्रगति न्यून रहेका योजनाहरूको कार्यान्वयनमा थप तीव्रता दिने।
- योजना तथा कार्यक्रमको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने।
- शाखा तथा वडा कार्यालयबीच प्रभावकारी समन्वय तथा सहकार्य कायम गर्ने।
- विकास निर्माणका आयोजनाको गुणस्तर कायम गर्न नियमित प्राविधिक अनुगमन गर्ने।
- उपलब्ध बजेट तथा स्रोत–साधनको मितव्ययी, प्रभावकारी तथा परिणाममुखी उपयोग गर्ने।
- सेवा प्रवाहमा देखिएका समस्या समाधान गरी नागरिकलाई सरल, सहज तथा गुणस्तरीय सेवा उपलब्ध गराउने।
- वार्षिक लक्ष्यअनुसार कार्यक्रम सम्पन्न गर्न बाँकी अवधिको स्पष्ट कार्यतालिका बनाई कार्यान्वयन गर्ने।
- समीक्षा कार्यक्रमबाट प्राप्त सुझाव तथा निर्णयहरूको कार्यान्वयन अवस्थाको नियमित अनुगमन गर्ने।

## निश्कर्ष:

आर्थिक वर्ष २०८२/०८३ मा गाउँसभाबाट स्वीकृत भएका विभिन्न आयोजना, कार्यक्रम तथा क्रियाकलापहरूको कार्यान्वयनबाट तेस्रो त्रैमासिक अवधिसम्म प्राप्त उपलब्धि, प्रगति, समस्या तथा चुनौतीहरूको समीक्षा गर्ने उद्देश्यले आयोजित तेस्रो त्रैमासिक समीक्षा कार्यक्रम मिति २०८३/०१/२९ गते सफलतापूर्वक सम्पन्न भएको छ।

कार्यक्रममार्फत गाउँपालिकाको कार्यालय, विभिन्न विषयगत शाखा तथा वडा कार्यालयबाट सम्पादन भएका विकास निर्माण, सेवा प्रवाह तथा प्रशासनिक कार्यहरूको प्रगति प्रस्तुत तथा समीक्षा गरिएको छ। साथै, स्वीकृत नीति, कार्यक्रम तथा बजेटको कार्यान्वयन अवस्था, भौतिक तथा वित्तीय प्रगति, प्राप्त उपलब्धि तथा कार्यान्वयनका क्रममा देखा परेका समस्या र चुनौतीका विषयमा जनप्रतिनिधि तथा कर्मचारीहरूबीच विस्तृत अन्तर्क्रिया र छलफल गरिएको छ।

समीक्षाका क्रममा पहिचान भएका समस्या तथा चुनौतीहरूको समाधानका लागि आवश्यक सुधारात्मक उपायहरूबारे छलफल हुनुका साथै चालु आर्थिक वर्षको बाँकी अवधिमा सम्पन्न गर्नुपर्ने आयोजना तथा कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने विषयमा जोड दिइएको छ।

जोरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रावतकट्टे, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

यस प्रकारका नियमित समीक्षा कार्यक्रमहरूले गाउँपालिकाको कार्यसम्पादनमा देखिएका कमी-कमजोरी पहिचान गरी समयमै सुधार गर्न, स्रोत-साधनको प्रभावकारी उपयोग गर्न, सेवा प्रवाहलाई थप गुणस्तरीय तथा नागरिकमैत्री बनाउन तथा स्वीकृत नीति, कार्यक्रम र बजेटलाई परिणाममुखी रूपमा कार्यान्वयन गर्न महत्वपूर्ण योगदान पुऱ्याउने देखिन्छ।

अतः तेस्रो त्रैमासिक समीक्षा कार्यक्रमबाट प्राप्त निष्कर्ष, सुझाव तथा सुधारका विषयहरूलाई आगामी कार्यसम्पादनमा आत्मसात् गर्दै चालु आर्थिक वर्षका बाँकी आयोजना तथा कार्यक्रमहरू समयमै सम्पन्न गरी वार्षिक लक्ष्य हासिल गर्न सबै सम्बन्धित पक्ष प्रतिबद्ध रहने निष्कर्ष निकालिएको छ।

## सुझावः

- वार्षिक नीति, कार्यक्रम तथा बजेटको लक्ष्यअनुसार बाँकी कार्यक्रमहरू समयमै सम्पन्न गर्ने।
- न्यून प्रगति भएका आयोजना तथा कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने।
- भौतिक तथा वित्तीय प्रगतिको नियमित समीक्षा गरी आवश्यक सुधार गर्ने।
- योजना तथा कार्यक्रमको नियमित अनुगमन तथा गुणस्तर परीक्षणलाई प्रभावकारी बनाउने।
- शाखा तथा वडा कार्यालयबीच समन्वय र सहकार्यलाई थप सुदृढ बनाउने।
- उपलब्ध स्रोत–साधनको मितव्ययी तथा परिणाममुखी उपयोग गर्ने।
- सेवा प्रवाहमा नागरिकको सहज पहुँच सुनिश्चित गर्दै गुनासो तथा सुझावलाई समयमै सम्बोधन गर्ने।
- कार्यक्रम कार्यान्वयनमा पारदर्शिता, जवाफदेहिता तथा सुशासनका पक्षलाई प्राथमिकता दिने।
- बाँकी अवधिको स्पष्ट कार्यतालिका बनाई वार्षिक लक्ष्य हासिल गर्ने गरी कार्यसम्पादन गर्ने।
- समीक्षा कार्यक्रमबाट प्राप्त सुझाव तथा निर्णयहरूको कार्यान्वयन अवस्थाको नियमित अनुगमन गर्ने।

| पेश गर्नेः | | सदर गर्नेः |
|---|---|---|
| चन्द्र सिंह ऐडी | जोरायल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, डोटी, सुदूरपश्चिम प्रदेश, नेपाल, २०७३ | गणेश दत्त भट्ट |
| (अधिकृत सातौं) | | (प्रमुख प्रशासकीय अधिकृत) |
| | | गणेश दत्त भट्ट<br>प्रमुख प्रशासकीय अधिकृत |

आज मिति २०८३ वैशाख २९ गतेका दिन यस जोरायल गाउँपालिकाका अध्यक्ष श्री दुर्गा दत्त ओझा ज्यूको अध्यक्षतामा जोरायल गाउँपालिकामा आर्थिक वर्ष २०८२।०८३ को तेस्रो त्रैमासिक अवधिमा संचालन गरिएका कार्यक्रम, आयोजना, क्रियाकलाप तथा सेवा प्रवाहको समीक्षा गर्ने उद्देश्यले आ.व. २०८२।०८३ को तेस्रो त्रैमासिक समीक्षा कार्यक्रम तपसिलका पदाधिकारी तथा कर्मचारी हरूको उपस्थितिमा सम्पन्न गरियो ।

उपस्थिति :

| क्र. सं. | नाम थर | पद | कार्यालय / ठेगाना | सम्पर्क नम्बर | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | श्री दुर्गा दत्त ओझा | अध्यक्ष | जोरायल गाउँपालिका | ९८४८४६८५८८ | |
| २ | श्री जमुना कुमारी बोहरा | उपाध्यक्ष | ,, | ९८४८४१८४६९ | |
| ३ | श्री गणेश दत्त भट्ट | प्र.प्र.अ. | ,, | 9749962472 | |
| ४ | श्री विर ब० क्षत्री | वडा अध्यक्ष | जो.गा.पा. २ नं. वडा | ९८५८१६६५३८ | |
| ५ | श्री नविन ओझा | ,, | ,, ३ नं. वडा | ९८४८४५७०४० | |
| ६ | श्री नन्द राज भट्ट | ,, | ,, ४ नं. वडा | ९८६४६२३२४६ | |
| ७ | श्री तेज बहादुर खत्री | | शिक्षा शाखा | ९८४२६६४२८९ | |
| ८ | श्री चन्द्र सिंह ऐडी | प्र. अधिकृत | जोरायल गापा | ९८४८७४४४२४ | |
| ९ | श्री यज्ञ ब. साउद | वडा सदस्य | ६ नं. वडा | ९८४१८८६३८४ | |
| १० | श्री नरेश कु. भट्ट | इन्जिनियर | जो.गा.पा. | ९८४८४७९२०० | |
| ११ | श्री धर्मराज जोशी | सू.प्र.अधिकृत | जो.गा.पा. | ९८६४९६३८८८ | |
| १२ | श्री लिला कु मगर | सि.अ.नं.मि. | जो.गा.पा. | ९८६९८०२५४२ | |
| १३ | श्री गोविन्द ब. विष्ट | सि.अ.हे.ब. | जोरायल गा.पा. | ९८५४९०३२४२ | |
| १४ | श्री हेमा कु. कापड्याल | अ.हे.व. | जोरायल गा.पा. | ९८४८६३०४३४ | |
| १५ | श्री निशा खड्का | ज.स्वा.अ | जोरायल गापा | ९८६८४४१८४ | |
| १६ | श्री मिता खत्री | सहजकर्ता दिगो | जोरायल गापा | ९८६९८८४२६० | |
| १७ | श्री कल्पना कु भंडै | प्राविधिक सहायक | जोरायल गा.पा | ९८६६६६९२४८ | |
| १८ | श्री निर्मल ब. भाट | MIS operator | जोरायल गा.पा. | ९८६१२४६७७४ | |
| १९ | पुजा भंडै | का.प्र | जो.गा.पा | ९८७४८२११९४ | |
| २० | तुलसी पाण्डे | म.वि.नि. | जोरायल गापा महिला शाखा | ९८३८४४५०८७ | |
| २१ | दुर्गा दमाई | स्वेयं | जो.गा.पा. | ९७६६४३४४७१ | दुर्गा |
| २२ | कृष्ण रावल | स्वे | ,, ,, ,, | ९८६४९०४१०२ | |
| २३ | रमेश मल्ल | का.स | जोरायल गा.पा | ९८६८७१०५५९ | Romesh |

| क्र.सं. | नाम थर | पद | कार्यालय / ठेगाना | सम्पर्क नम्बर | हस्ताक्षर |
|---|---|---|---|---|---|
| २४ | सुरेन्द्र शाह | प्राविधिक अधिकृत | श्री गाण्ड जोशी | ९८९६८४१६७२ | [signature] |
| २५ | रोशना चौधरी | अ.प्र. २८ अ | ,, | ९८५८५८०१४० | [signature] |
| २६ | डम्मर बहादुर बोहरा | सोभाग्य लेखापाल | जोरायल गाउँपालिका | ९८४८८८८६९७ | [signature] |
| २७ | श्री गोविन्द धानुक | वैद्य | ,, ,, | ९८३२४३१५८० | [signature] |
| २८ | श्री पवन कुमार शाह | खेलकुद प्रशिक्षक | ,, ,, | ९८४८६०३१९८ | [signature] |
| २९ | श्री ... बहादुर बोहरा | सामाजिक परिचालक | ,, ,, | ९८४८६५५६७१ | [signature] |
| ३० | इन्द्र स्वाती | सब-ईन्जिनियर | ,, ,, | ९८६८७०३९८५ | [signature] |
| ३१ | सुरेश बहादुर चन्द | ,, ,, | ,, ,, | ९८४८८४३५८२ | [signature] |
| ३२ | अर्जुन राज जोशी | पी.पी.एस.ओ. प्रा. | ,, ,, | ९७७०२८४६५७० | [signature] |
| ३३ | प्रदिप साउँद | कृषि स्नातक प्राविधिक | ,, ,, | ९८६८८५४१०३८ | [signature] |
| ३४ | अमर ब० थापा | आ.ले.प. अधिकृत | ,, ,, | ९८४४८६६८५६ | [signature] |
| ३५ | योगेन्द्र प्रसाद मण्डल | सि.अ.हे.व. | ,, ,, | ९८६८५६७६९६ | [signature] |
| ३६ | सुरत बाढी | प.स्वा.प्रा. | ,, ,, | ९८६७३६३११८ | [signature] |
| ३७ | चन्द्र बहादुर सौंद | नी.प्रो.स. | ,, ,, | ९८५८५७०९०४ | [signature] |
| ३८ | अमृत कु. जोशी | अमिन | ,, ,, | ९८४२८५८७०३ | [signature] |
| ३९ | सीता कु. खड्का | नेत्र सहायक | ,, ,, | 9841274891 | [signature] |
| ४० | जित बहादुर मडै | का.स. | ,, ,, | ९८४८६७९३७५ | [signature] |
| ४१ | लिला देउवा मल्ल | का.स. | ,, ,, | ९८६६१०६५०८ | [signature] |
| ४२ | | | | | |
| | | | | | |
| | | | | | |

निर्णयहरू:

(१) नागरिकलाई सरल, सहज र गुणस्तरिय सेवा उपलब्ध गराउँदै सेवाप्रवाहमा पारदर्शीता, जवाफदेहिता र सुशासन कायम गर्ने निर्णय गरियो ।

(२) चालु आर्थिक वर्षमा बाँकी रहेका तथा न्यून प्रगति भएका आयोजना र कार्यक्रमहरूलाई प्राथमिकताको आधारमा निर्धारित अवधिभित्रै सम्पन्न गर्ने निर्णय गरियो ।

(३) समीक्षा बैठकबाट प्राप्त सुझाव र निर्णयहरूको कार्यान्वयन अवस्थाको नियमित अनुगमन गर्ने निर्णय गरियो ।